

# मेरी दुधु


Shanti Chaudhary

Ubahang Nembang



Let's Read

The Asia Foundation



मेरी दुधुको जन्मेको घर दौरवा गाउँ हो

डोलीमा बसेर, घुम्टो ओढेर

आइन आफ्नो पतिको करैहिया गाउँ

दुधुको सानैमा भएको थियो बिवाह ।

दुधु मेरी अनपढ महिला

बुन्ने गर्द थिइन

सुन्दर सुन्दर ढक्की



दुधुको पहेलो माटोको

सानो एउटा झिङ्गटीको झोपडी

हुन्थ्यो टलक्क सफा सुन्दर

दुधु लगाउने गर्द थिइन सधैं, सधैं सेतो सफा साडी

दुधु मेरी साधारण महिला

बुन्ने गर्द थिइन

सुन्दर सुन्दर ढक्की



नदीको किनार, जंगलको भित्र

काटी, काटी जम्मा गर्द्थिईन मुजा र बरनी



आगो बालेर, ठूलो फलामको कढाईमा

हरियो , गुलाबी , रातो रंगाउथिइन मुजालाई

दुधु मेरी मेहनती महिला

बुन्ने गर्द थिइन

सुन्दर सुन्दर ढक्की



बस्द थिइन सुकुल बिछाएर आफ्नो आँगन

खुट्टा पसारेर हातमा लिएर सेधना

दाहिनेतिर बाँसको लामो ढोगरी

सँगै राख्द थिइने सिलावरको बटुकोमा पानी



दुधु मेरी कलात्मक महिला

बुन्ने गर्द थिइन

सुन्दर सुन्दर ढक्की



बस्दै, बुन्दै, बस्दै, बुन्दै

दुधु गाउने गर्दथिईन बिहेको कोहोबर गीत–

कहाँबाट आउँछ पितलको हाँगा

कहाँबाट आउँछ जन्ती

कहाँबाट आउँछ दुलाहा मालिक

सबैले गर्नेछन् प्रणाम

पूर्वबाट आउँछ पितलको हाँगा

पश्चिमबाट आउँछ जन्ती

उतै बाट आउँछ दुलाहा मालिक

सबैले गर्नेछन् प्रणाम

कहाँ बस्नेछ पितलको हाँगा

कहाँ बस्नेछ जन्ती

कहाँ बस्नेछ दुलाहा मालिक

सबैले गर्नेछन् प्रणाम

ढोकामा बस्नेछ पितलको हाँगा

चेउवैमा बस्नेछ जन्ती

कोहोबरको घरमा बस्ने छ दुलाहा मालिक

सबैले गर्नेछन् प्रणाम

दुधु मेरी सुरिली महिला

बुन्ने गर्द थिइन

सुन्दर सुन्दर ढक्की



घरको नजिकै थियो दुधुको बारी

उमारदथिईन साग, भण्टा, घिरौला, लौकी

घरको अगाडि थियो दुधुको बगैंचा

हावामा खेल्दथे फूलहरु पिङ


आफ्ना तरकारी, फूलहरु माया झैं बाँडथिन सबैलाई

दुधु थिइन सबैकी दुधु

दुधु मेरी सबैकी प्यारी दुधु

बुन्ने गर्द थिइन

सुन्दर सुन्दर ढक्की



मेरी दुधु हुन्थिईन आफ्नै काममा मगन

ब्यर्थमा समय कहिन्ल्यै फ्यलिनन्

दुधुले पालेकी थिइन कुखुरा, हाँस

अण्डा बेचेर जम्मा गर्दथिइन केहि, केहि पैसा

दुधु मेरी हिंड्थिईन शिर ठाडो गरी

बुन्ने गर्द थिइन

# सुन्दर सुन्दर ढक्की



बुवाले एक पटक दुधुलाई कुट्दा

हातको चुरा फुट्यो

त्येसपछि दुधुले कहिल्यै हातमा चुराहरु लगाइनन्

बुवाको मृत्युमा अरु महिलाको झैं


उनको हातको चुरा फुट्नु नै परेन

दुधु मेरी स्वाभिमानी महिला,

अन्याय सहनु हुन्दैन भन्दथिईन

बुन्ने गर्द थिइन

सुन्दर सुन्दर ढक्की



गाउँघर, पर, पर शहर बजारसम्म

हुन्थ्यो दुधुको ढक्कीको चर्चा

पर, परबाट आउने गर्दथे मानिसहरु, भन्दथे

"बिबाह र उपहारको लागि

चाहिन्छ हामीलाई दुधुले बुनेको ढक्की"

म पनि बन्छु मेरी दुधुकै जस्ती

सानो ठाउँमा बस्नेछु सधैं

परिश्रमले बाँच्ने छु

समयलाई गर्नेछु सलाम

सानो ठाउँमा बसेर गर्नेछु दुधु जस्तै महान् बिचार



दुधु मेरी साथमा छन् संधै

बुन्ने गर्द थिइन

सुन्दर सुन्दर ढक्की

Brought to you by

The Asia Foundation

Let's Read is an initiative of The Asia Foundation's Books for Asia program that fosters young readers in Asia and the Pacific.
booksforasia.org
To read more books like this and get further information about this book, visit letsreadasia.org

**Original Story**

*हमर दुधु (My Dudhu)*, Author: Shanti Chaudhary. Illustrator: Ubahang Nembang. Published by The Asia Foundation - Let's Read, © The Asia Foundation - Let's Read. Released under CC BY-NC 4.0.

This work is a modified version of the original story. © The Asia Foundation, 2020. Some rights reserved. Released under CC BY-NC 4.0.

For full terms of use and attribution, http://creativecommons.org/licenses/by-nc/4.0/

Contributing translators: Shanti Chaudhary